# रामग्राम नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
परासी,नवलपरासी(ब.सु.प.)
प्रदेश नं.५,नेपाल

प.सं.: ०७7/०७8
च.नं.:


### प्राविधिक सहायक करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना
(प्रथम पटक प्रकाशित मितिः- २०७७/०४/३०)

प्रस्तुत विषयमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) च.नं. 23 मिति 2077/04/12 को पत्रानुसार यस **रामग्राम** नगरपालिकामा सञ्चालित रोजगार सेवा केन्द्रको लागि आवश्यक प्राविधिक सहायक पद करारमा पदपूर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ दिनभित्र माग बमोजिमका विवरण र राजश्व तिरेको रसिद सहित यस कार्यालयमा निवेदन दिनुहुन अनुरोध छ।

| क्र.स. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | 01/077-078 | प्राविधिक सहायक | **सहायक पाँचौं** | १ |

१. आवश्यक न्यूनतम योग्यता र अनुभवः-
- (क) सिभिल इन्जिनियरिङमा प्रविणता प्रमाण पत्र तह वा ओभरसियर वा डिप्लोमा तह उत्तीर्ण भएको।
- (ख) कम्तीमा ३ महिने तालिम लिई आधारभूत कम्प्युटर सीप भएको।
- (ग) पूर्वाधारको निर्माण र मर्मतका लागि आयोजनाको लागत अनुमान, सुपरीवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेषण गर्न सक्ने, आयोजनाको लक्ष्य र परिणाम हासिल गर्न टोलिमा काम गरेको अनुभव, पारस्परिक सम्बन्ध सम्बन्धी सीप सहित कम्तीमा ६ महिनाको अनुभव भएको।
- (घ) उमेरः- कम्तीमा 18 वर्ष पुरा भई 45 वर्ष ननाघेको।

२. दरखास्त दिने स्थानः- **रामग्राम नगरपालिका, नगर कार्यपालिकाको कार्यालय परासी, नवलपरासी(ब.सु.प.)**

३. दरखास्त दिने अन्तिम मितिः- **२०७७/०५/१२ गते कार्यालय समय सम्म (दरखास्त दिने अन्तिम मितिको दिन विदा पर्न गएमा त्यसपछि कार्यालय खुलेको दिनलाई नै अन्तिम दिन मानिनेछ)**

४. आवेदन दस्तुरः- **रु.१०००।-(रामग्राम न.पा., नगर कार्यपालिकाको कार्यालयको राजश्व उपशाखामा जम्मा गरी रसिद पेश गर्नुपर्नेछ)**

५. छनौटको किसिमः- प्रारम्भिक योग्ताक्रमको सूची प्रकाशन र लिखित परीक्षा।

6. आवेदन साथ संलग्न कागजातहरुः- आवेदक स्वयंमले प्रमाणित गरेको नागरिकता, न्युनतम योग्यताको लब्धांक प्रमाणपत्र, चारित्रिक प्रमाणपत्र, अनुभव खुल्ने कागजतहरुको प्रतिलिपि, 3 प्रति पासपोर्ट आकारको फोटो।

7. सेवा सुविधाः गाउँपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रक्रियाको दफा(११),(१२) र (१३) बमोजिम हुनेछ।

8. पदले सम्पादित गर्नुपर्ने कार्यविवरणः गाउँपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रक्रिया को दफा (९) बमोजिम हुनेछ।

9. परिक्षा मितिः पछि तोकिने छ।

रुद्र प्रसाद रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

**नोटः** दरखास्त फाराम, पाठ्यक्रम तथा अन्य जानकारी कार्यालयको वेभसाईट www.ramgrammun.gov.np तथा नगरपालिकाको रोजगार सेवा केन्द्रको फोन नं. **९८५७०७७२७५** मा सम्पर्क गरी प्राप्त गर्न सकिनेछ।